मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ७५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १७ गते शनिबार (Saturday, 31 January, 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ताल्चा फुटाएर चोरी

**झापा, माघ १६।** अर्जुनधारामा ताल्चा फुटाएर धनमाल चोरी भएको छ ।

अर्जुनधारा-९ कालिस्थान सिरान बस्ने नारद पोखेलको घरमा दुई जना अपरिचित व्यक्ति प्रवेश गरी चोरी गरेका हुन् । चोरले दराज खोली दुई तोला सुन, तीन तोला चाँदी, नगद ५५ हजार रुपैयाँ र भीभो कम्पनीको मोबाइल फोन चोरी गरी लगेको पीडितले बताएका छन् । उक्त चोरीबाट करिब ८ लाख रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ ।

अस्थायी प्रहरी बिट सालबारीमा जानकारी प्राप्त भएपछि प्रहरी सहायक निरीक्षक प्रभु रायको कमाण्डमा

(बाँकी अन्तिम पृष्ठमा)

# महिला उम्मेदवार: दलभन्दा स्वतन्त्र बढी

**काठमाडौँ, माघ १६।** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका दलित, आदिवासी, मधेसी र मुस्लिम महिला चुनावी चर्चा, परिचर्चाभन्दा बाहिर रहेका छन् । अधिकांशले स्वतन्त्र तथा साना दलबाट उम्मेदवारी दिएका कारण उनीहरु चर्चामा छैनन् । सञ्चारमाध्यममा पनि मधेशी महिला उम्मेदवारहरुले स्थान पाउन नसकेको गुनासो छ ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ कूल ३८८ महिलाले उम्मेदवारी दिएका छन् । तीमध्ये १५७ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । यसैगरी मधेस प्रदेशबाट ६८ जना स्वतन्त्रसहित ११० जना महिला उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । मधेस प्रदेशका आठ जिल्लामा ३२ निर्वाचन क्षेत्र छन् ।

ती मध्ये पर्सामा सात जना स्वतन्त्रसहित १२, बारामा १० जना स्वतन्त्रसहित १६, रौतहटमा नौ जना स्वतन्त्रसहित १३, सर्लाहीमा तीन जना स्वतन्त्रसहित ११, महोत्तरीमा ११ जना स्वतन्त्रसहित १९, धनुषामा १२ जना स्वतन्त्रसहित १५, सिरहामा पाँच जना स्वतन्त्रसहित आठ र सप्तरीमा ११ जना स्वतन्त्रसहित २० जनाले उम्मेदवारी दिएर चुनावी मैदानमा ओर्लिएका छन् । यसरी यस प्रदेशमा सबैभन्दा बढी महिला उम्मेदवार सप्तरीबाट २० जना र सबैभन्दा कम सर्लाहीबाट आठजना छन् ।

मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिटमध्ये नेपाली काँग्रेसले दुई जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये सिरहा-४मा चन्द्रकला यादव र महोत्तरी-२ मा किरण यादव रहेका छन् । त्यस्तै नेकपा (एमाले) तीन जना महिलालाई उम्मेदवार बनाएको छ । मधेसबाट एमालले उम्मेदवार बनाएका महिलाहरुमा पर्सा-१ मा रिमाकुमारी यादव, बारा-३मा ज्वालाकुमारी साह र धनुषा-३ मा जुलीकुमारी महतो छन् । यसैगरी राष्ट्रिय स्वतन्त्र



पार्टीबाट सप्तरी-१मा पुष्पा चौधरी, धनुषा-१ मा किशोरी साह, महोत्तरी-४मा गौरीकुमारी यादव र सर्लाही-१ मा नितिमा कार्की (भण्डारी) गरी चार जना महिलालाई उम्मेदवार बनाएका छन् ।

नेपाली कम्युनिष्ट पार्टीले दुई जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये रौतहट-३मा पुनम देवी र सप्तरी-४मा रुबीकुमारी कर्ण रहेका छन् भने जनमत पार्टीले पर्सा-३बाट मालती कुशवाहा र ४ बाट सीमा कलवारलाई उम्मेदवार बनाएर चुनावी प्रतिस्पर्धामा ओर्लिएका छन् । यसैगरी यो प्रदेशमा सबैभन्दा बढी नेपाल मजदुर किसान पार्टीले पाँच जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये रौतहट-३ बाट रेखा पटेल, सर्लाही-३बाट रमा कोइराला, सप्तरी-२ बाट नीलमकुमारी यादव, धनुषा-३बाट गङ्गालक्ष्मी वैद्य र महोत्तरी-१बाट कृष्णश्वरी मानन्धर रहेका छन् भने आमजनता पार्टीले चार जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये पर्सा-२ बाट रञ्जुकुमारी साह, सर्लाही-४ बाट रिङ्की साह, सप्तरी-४ बाट अनिताकुमारी चौधरी, सिराहा-३बाट ज्ञानुदेवी दनुवार रहेका छन् ।

त्यस्तै मङ्गोल नेशनल अर्गनाइजेशनले दुई जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये बार-२ राधादेवी महरा र बारा-३ बाट सम्झना गोलेलाई सो पार्टीले उम्मेदवार बनाएर चुनावी प्रतिस्पर्धामा ओर्लिएको छ ।

यसैगरी राप्रपा, श्रम संस्कृति पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल राष्ट्रिय जनमोर्चा, राष्ट्रनिर्माण दल नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेपाल जनता पार्टी, जनता समाजवादी पार्टी नेपाल, उज्यालो नेपाल पार्टी, राष्ट्र निर्माण दल, श्रमशक्ति पार्टी र जसपा नेपालबाट एक-एक जनाले उम्मेदवारी दिएका छन् । मधेश प्रदेशमा एक जना पनि महिला उम्मेदवार नभएको क्षेत्र रौतहट-२ रहेको छ ।

केही पूर्वमन्त्रीहरूको समेत राजनीतिक भविष्य जोडिएको हुनाले त्यस क्षेत्रमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान तानेको छ । अधिकांश महिलाले दलमा अवसर नपाएको र आफ्ना मुद्दा उठाउन स्वतन्त्र उम्मेदवारी दिएका देखिन्छ । केही क्षेत्रमा डमी उम्मेदवारको प्रवृत्ति बढ्दै गएको विश्लेषकहरूको भनाइ छ ।

पूर्वमन्त्री तथा नेकपा (एमाले)का केन्द्रीय सदस्य जुलीकुमारी महतो धनुषा क्षेत्र नं. ३बाट नै चुनावी मैदानमा उत्रिएकी छिन् । एमालेको राजनीतिमा क्रियाशील भएकी महतो अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा यसै निर्वाचन क्षेत्रबाट विजयी भएकी थिइन् । नेता महतोले नेपाली कांग्रेसका उम्मेदवार विमलेन्द्र निधि, जनता समाजवादी पार्टीका परमेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजीव झा, नेपाली कम्युनिष्ट पार्टीका रामललित मण्डलसहितका उम्मेदवारहरूसँग कडा प्रतिस्पर्धा गरिरहेकी छन् ।

यसअघि २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा क्षेत्रबाट एमालेकी जुली महतोले ३३ हजार ३८८ मत ल्याएर चुनाव जितेकी थिइन् तर उक्त क्षेत्रमा नेपाली कांग्रेसको समेत बलियो पकड कायम छ । नेता विमलेन्द्र निधिले त्यसै क्षेत्रबाट २०६४ र २०७०को संविधानसभा सदस्यको चुनाव जितेका थिए ।

विसं २०६४मा निधिसँग प्रतिस्पर्धा गर्दा महतो पराजित भएपछि २०७०मा समानुपातिक सांसद बनेकी थिइन् । वि.सं. २०७४मा भएको निर्वाचनमा तत्कालीन राजपाका नेता राजेन्द्र महतोबाट नेता निधि पराजित भएका थिए भने नेता जुली महतो समानुपातिक सांसद बनेकी थिइन् ।

त्यस्तै २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा नेता निधिले समानुपातिक रोज्दा गठबन्धनको तर्फबाट

(बाँकी अन्तिम पृष्ठमा)

## 'पुलिस रिपोर्ट' केरमेट गरे कारवाही

**काठमाडौँ, माघ १६।** गृह मन्त्रालयले प्रहरी चारित्रिक प्रमाण-पत्र (पुलिस रिपोर्ट) मा केरमेट र थपघट गरेमा कारबाही हुने स्पष्ट पारेको छ ।

मन्त्रालयले शुक्रवार विज्ञप्ति जारी गर्दै अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाण-पत्र वितरण निर्देशिका-२०८०को प्रतिकूल हुने गरी प्रमाण-पत्र उपलब्ध गराएको पाइएमा कारबाही हुने जनाएको हो ।

कानून विपरीत काम कारबाही गरे/गराएमा त्यस्ता कामको विवरण नेपाल प्रहरीद्वारा जारी हुने चारित्रिक प्रमाण-पत्रमा समेत उल्लेख हुने भएकाले वैदेशिक अध्ययन, भ्रमण तथा रोजगारीलगायतका कार्यमा जाँदा यसको प्रत्यक्ष प्रभाव पर्ने मन्त्रालयले जनाएको छ ।

त्यस्ता कसूरजन्य कार्यमा संलग्न नहुन, मौजुदा कानूनी व्यवस्था, विधि र प्रक्रिया बमोजिम मात्र काम कारबाही गर्न, गराउन र सो बमोजिम नभएमा भविष्यमा यसको कारणबाट सम्बन्धित व्यक्तिलाई नै प्रतिकूल प्रभाव पर्नसक्ने मन्त्रालयले स्पष्ट पारेको छ ।

## रक्सीको सुरमा श्रीमतीको हत्या गरेपछि...

**काठमाडौं, माघ १६।** मादक पदार्थ सेवनपछि भएको विवादले ललितपुरमा एक महिलाको ज्यान गएको छ ।

पत्नीको हत्या गरेपछि आरोपी पति आफैँ प्रहरी कार्यालय पुगेका छन् । ललितपुरको गोदावरी नगरपालिका-७ देवीचौरमा बस्दै आएका ३० वर्षीय बिनोद पाख्रिनले २३ वर्षीया पत्नी कोपिला पाख्रिनको हत्या गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार विहीवार राति पतिपत्नीले सँगै मादक पदार्थ सेवन गरेका थिए । त्यसक्रममा सामान्य विवाद चर्किँदै जाँदा बिनोदले पत्नीमाथि धारिलो हतियार प्रहार गरेका थिए ।

प्रहरी वृत्त चापागाउँकी डीएसपी शीला चापागाँईका अनुसार घटनापछि बिनोद आफैँ टीकाभैरवस्थित प्रहरी प्रभागमा पुगेर आत्मसमर्पण गरेका हुन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


प्रहरीका अनुसार दम्पतीको दुई वर्षीया छोरी छन् । अत्यधिक मदिरा सेवनका कारण पारिवारिक सम्बन्ध बिग्रिएपछि उनीहरू केही समयदेखि छुट्टै डेरामा बस्दै आएका थिए ।

## पूर्वजनप्रतिनिधि नारायण पोखरेलको निधन

**झापा, माघ १६।** पूर्व जनप्रतिनिधि तथा समाजसेवी नारायण पोखरेलको शुक्रवार बिहान निधन भएको छ ।

तत्कालीन गोलधाप गाउँ विकास समितिका अध्यक्ष समेत रहेका पोखरेलको ६७ वर्षको उमेरमा बिर्तामोड-४स्थित आफ्नै निवासमा निधन भएको हो । उनी केही समयदेखि अस्वस्थ रहँदै आएका थिए ।

राजनीतिसँगै सामाजिक तथा व्यवसायिक क्षेत्रमा सक्रिय पोखरेल नेकपा (एमाले)का क्षेत्रीय अध्यक्षका रूपमा क्रियाशील थिए । सामाजिक सेवामा अग्रसर उनी तारा नमस्ते



बालग्रामका अध्यक्ष रहेका थिए ।

यसैगरी झापा इनर्जी, सहारा नेपाल, मनमोहन अस्पताल, इजलास दैनिकलगायत विभिन्न संघ-संस्थामा उनको सक्रिय आबद्धता रहेको थियो ।

पोखरेलको निधनले राजनीतिक, सामाजिक तथा व्यवसायिक क्षेत्रले एक सक्रिय र जिम्मेवार व्यक्तित्व गुमाएको छ ।

उनको निधनप्रति विभिन्न राजनीतिक दल, सामाजिक संघ-संस्था तथा शुभेच्छुकहरूले शोक व्यक्त गरेका छन् । स्वर्गीय पोखरेलका श्रीमती, दुई छोरा र चार छोरी रहेका छन् । उनको शुक्रवार कन्काई माइमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ ।

## स्वबियु सभापति कार्कीको निधन



**इलाम, माघ १६।** महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामका स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) सभापति विशाल कार्कीको निधन भएको छ ।

हृदयघातका कारण उनको निधन भएको बताइएको छ । उनको उपचारका क्रममा इलाम अस्पतालमा निधन भएको हो । कार्कीलाई बिहान ९ बजेर ५० मिनेटमा अस्पताल पुऱ्याइएको थियो । अस्पताल पुऱ्याउँदा मुटुको चाल नदेखिएको अस्पतालका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए । अस्पतालमा तत्काल सीपीआरसहितको आपतकालीन उपचार प्रयास गरिए पनि उनलाई बचाउन नसकिएको अस्पतालले जनाएको छ । उनले ४ घण्टा अघि मात्र शहीदलाई सम्झिएर श्रद्धासुमन अर्पण गरेका थिए ।

## निपा भाइरसः नेपाल भित्रिने जोखिम कति ?

**काठमाडौं, माघ १६।** छिमेकी देश भारतको पश्चिम बङ्गाल राज्यमा मानिसमा निपा भाइरसको सङ्क्रमण देखिएपछि नेपालमा पनि सतर्कता अपनाउन थालिएको अधिकारीहरूले बताएका छन् ।

कोभिड महामारीको समयमा नेपाल-भारत स्थलसीमाका प्रवेशबिन्दु र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्थापना गरिएका स्वास्थ्य जाँच एकाइबाट अहिले निगरानी भइरहेको स्वास्थ्य मन्त्रालयका प्रवक्ताले बताए ।

भारतीय अधिकारीहरूका अनुसार गत महिना पश्चिम बङ्गालमा सङ्क्रमण पुष्टि भएका दुई स्वास्थ्यकर्मीको सम्पर्कमा पुगेका झण्डै २०० जनाको निगरानी गरिएको थियो । तर, उनीहरूमा उक्त भाइरस सरेको देखिएन । भारतीय पक्षले नेपाललाई निपा भाइरस सङ्क्रमणको अवस्थाबारे ताजा जानकारी उपलब्ध गराउँदै आएको र नेपालले भारतलाई सीमानाकामा सतर्कता कायम गर्न सहयोग गर्न अनुरोध गरेको अधिकारीहरूले बताएका छन् ।

नेपाली अधिकारीहरूले सर्वसाधारण मानिसलाई सतर्कता अपनाउन अनुरोध गरेका छन् । उनीहरूका अनुसार नेपालमा अहिलेसम्म उक्त भाइरसबाट सङ्क्रमित भएका वा शङ्कास्पद लक्षण भएका व्यक्ति फेला परेका छैनन् ।

**भारतले के जानकारी दिएको छ ?**

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जनस्वास्य सम्बन्धी अन्तर्राष्ट्रिय सूचना आदानप्रदान प्रणालीमा भारतले दुई स्वास्थकर्मीमा निपा भाइरसको सङ्क्रमण देखिएको उल्लेख गरेको र त्यसलगत्तै नेपालले आफ्नो तर्फबाट निगरानी अघि बढाएको बताए ।

अन्तर्राष्ट्रिय स्वास्थ्य नियमानुसार यसबारे रिपोर्टिङ गर्नुपर्छ । भारतले पश्चिम बङ्गालमा दुई स्वास्थ्यकर्मीमा सङ्क्रमण पुष्टि भएको र त्यसपछि त्यसलाई अन्य ठाउँ र व्यक्तिमा फैलिन नदिने अवस्था छ भन्ने उल्लेख गरेको छ । सङ्क्रमण

(बाँकी अन्तिम पृष्ठमा)

## सातौँ झापा गोल्डकपको मुख्य प्रायोजक 'एक्स्ट्रिम'

**झापा, माघ १६।** मोफसलकै प्रतिष्ठित फुटबल प्रतियोगिताका रुपमा चिनिएको झापा गोल्डकपको सातौं संस्करण आगामी माघ २४ गतेदेखि हुने भएको छ ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा बिगतका वर्षझैं प्रतियोगिता आयोजना गरिएको शुक्रवार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी गराइएको छ । 'एक्स्ट्रिम सातौं झापा गोल्डकप बिनोद बस्नेत स्मृति संस्करण अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता'का रूपमा आयोजना गरिने गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए ।

प्रतियोगिताको मुख्य प्रायोजकका रूपमा एग्रो थाई फुड्स प्रालिको उत्पादन 'एक्स्ट्रिम इनर्जी ड्रिंक्स' रहने बताइएको छ । प्रतियोगिताको बिजेताले नगद १५ लाख रुपैयाँ र उपबिजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

त्यस्तै उत्कृष्ट खेलाडी (मस्ट भ्यालुएबल प्लेयर) लाई मोटरसाइकल प्रदान गरिने आयोजकले जनाएको छ । यसैगरी सर्वाधिक गोलकर्ता, उत्कृष्ट



गोलकिपर र उत्कृष्ट प्रशिक्षकले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् । प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' लाई २१ हजार रुपैयाँ प्रदान गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो । विधागत पुरस्कारको प्रायोजन अमेरिका निवासी रोशनलाल श्रेष्ठसहितको टोलीले गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, मच्छिन्द्र क्लब, लालीगुराँस क्लब पोखरासहित घरेलु तथा विदेशी गरी १० वटा टोलीको सहभागिता रहनेछ । प्रतियोगितामा भुटानको रोयल थिम्पु कलेज, भारतको सिग्लिज स्पोर्टिङ क्लब र मलेसियाको एन पेनाङ एफसीले पनि प्रतिस्पर्धा गर्नेछन् ।

२०७२ सालदेखि झापालाई फुटबल हबका रूपमा विकास गर्ने लक्ष्यसहित प्रतियोगिता सञ्चालन हुँदै आएको छ । पूर्वी नेपालका फुटबलप्रेमी दर्शकमाझ लोकप्रिय मानिने प्रतियोगिता प्रत्यक्ष प्रशारणमार्फत देशविदेशका दर्शकले अवलोकन गर्दै आएका छन् । भरिभराउ रंगशाला, अनुशासित दर्शक संस्कृति र प्रतिस्पर्धात्मक खेलस्तर प्रतियोगिताका विशेषता मानिन्छन् ।

यस वर्ष झापाका एक जना पुराना फुटबल खेलाडीलाई नगद २५ हजारसहित सम्मान गरिने आयोजकले जनाएको छ । त्यस्तै रंगशालाको जग्गादाता डोमालाल राजवंशीको परिवारलाई पनि नगद २५ हजार रुपैयाँ सहयोग प्रदान गरिनेछ ।

प्रतियोगिता सञ्चालनका लागि करिब एक करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजकले जनाएको छ । प्रतियोगितालाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय, सरोकारवाला निकाय, प्रायोजक तथा स्वयम्सेवकसँग आवश्यक समन्वय

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org

# झापा कारागारमा अग्रज पत्रकार भण्डारी सम्मानित

**झापा, माघ १६।** शहीद दिवस तथा बन्दी विकास पुस्तकालयको २९औं वार्षिकोत्सवको अवसरमा नेपाल पत्रकार महासंघका पूर्वमहासचिव चन्द्र भण्डारी सम्मानित भएका छन्।

झापा कारागार परिसरमा आयोजित कार्यक्रमबीच बन्दी विकास पुस्तकालयलाई पुऱ्याएको योगदानको उच्च कदर गर्दै भण्डारीलाई सम्मान गरिएको हो। कञ्चनजंघा एफएमका प्रबन्ध निर्देशकसमेत रहेका भण्डारीले पूर्वाञ्चलमा सामुदायिक रेडियो स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

बिद्यार्थी आन्दोलनमा सक्रिय सहभागिता जनाएको आरोपमा तत्कालीन सरकारले भण्डारीलाई पटक-पटक पक्राउ गरी जेल जीवन बिताउन बाध्य बनाएको थियो। उनी २०३० सालमा पहिलो पटक झापा कारागार पुगेका थिए। त्यसयता उनले देशका विभिन्न ११ वटा कारागारमा नौ वर्ष आठ महिना कैद र थप सात महिना हिरासत जीवन बिताएका थिए।



बिद्यार्थी आन्दोलनका क्रममा सबैभन्दा लामो जेल जीवन बिताउने व्यक्तिका रूपमा भण्डारी परिचित छन्। 'राजकाज मुद्दा अपराध ऐन' अन्तर्गत मुद्दा चलाइएपछि उनले काठमाडौंका चारवटै कारागारसहित झापा र लुम्बिनीसम्मका जेलमा कष्टपूर्ण जीवन बिताएका थिए।

बन्दी विकास पुस्तकालयको २९औं वार्षिकोत्सव तथा २८औं साधारणसभाका अवसरमा भण्डारीले पुऱ्याएको सहयोग, सद्भाव र योगदानको कदर गर्दै सम्मान गरिएको पुस्तकालयका सचिव रमेश पोखरेलले जानकारी दिए।

कार्यक्रम बन्दी विकास पुस्तकालयका अध्यक्ष मनोज लावतीको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री इन्द्रमणि पराजुली प्रमुख अतिथिका रूपमा सहभागी थिए।

मन्त्री पराजुलीले सम्मानित भण्डारीलाई सम्मान-पत्र प्रदान गरेका थिए। कार्यक्रममा विघटित प्रतिनिधिसभा सदस्य एलपी सावा लिम्बू, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकी, जिल्ला कारागार झापाका प्रमुख रेवन्त भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमका अवसरमा स्थानीय तथा राष्ट्रिय कलाकारको सहभागितामा विभिन्न सांस्कृतिक प्रस्तुति समेत प्रस्तुत गरिएको थियो।

# न्यूट्न्सको २३औं बार्षिकोत्सव



**बिर्तामोड, माघ १६।** बिर्तामोड-५स्थित न्युटन्स् एजुकेशन एकेडेमीको २३औं बार्षिकोत्सव तथा अभिभावक दिवस शुक्रवार विविध कार्यक्रमसहित सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका कार्यबाहक अध्यक्ष गोपीकृष्ण प्रसाईंको अध्यक्षता तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयको गतिविधिसहित भावी कार्यक्रमबारे प्रिन्सिपल देवेन्द्र हुमागाँईले प्रकाश पारेका थिए। कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट व्यक्तिहरुलाई सम्मान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि गुरुङ तथा विद्यालयका निर्देशक आशिष प्रसाईंले सम्मानितहरुलाई सम्मान-पत्र र नगद प्रदान गरेका थिए।

कार्यक्रममा झापा गोल्डकपलाई एक लाख रूपैयाँ हस्तान्तरण गरिएको थियो। उक्त रकम गोल्डकपका सल्लाहकार प्रशान्त भण्डारीले ग्रहण गरेका थिए। कार्यक्रममा एसईईमा विद्यालयकी सर्वोत्कृष्ट छात्रा श्रेयसी कार्की, न्यूट्न्सबाट कक्षा ११ विज्ञान संकायमा जिल्ला प्रथम हुने संस्कार भट्टराई र कक्षा १२मा जिल्ला दोस्रो हुने सविता न्यौपानेलाई सम्मान गरिएको थियो। भट्टराईका सम्मान उनका पिता रवीन्द्रले ग्रहण गरेका थिए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष शिक्षासेवी गौतम शर्मा शिवाकोटीलाई अभिनन्दन गरिएको थियो। सोही कार्यक्रममा पत्रकार सन्तोष न्यौपानेलाई कदर-पत्र नगदसहित सम्मान गरिएको थियो। उनी एभिन्यूज टेलिभिजनका संवाददाता हुन्।

कार्यक्रममा उत्कृष्ट अभिभावकको रूपमा मदनगोपाल सुब्बा, उत्कृष्ट शिक्षकको रूपमा केवल सापकोटालाई सम्मान गरिएको थियो भने सेकेण्डरी इञ्चार्ज शिक्षक नोएल परेरालाई विशेष सम्मान गरिएको थियो।

त्यस्तै विद्यालयका संस्थापक हरिकुमार प्रसाईंको निधनपछि विद्यालयमा कुशल नेतृत्व प्रदान गर्ने प्रिन्सिपल देवेन्द्र हुमागाँईलाई व्यवस्थापन समितिको तर्फबाट विशेष सम्मान प्रदान गरियो।

न्यूट्न्सले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत समुदायलाई समेत सेवा पुऱ्याउँदै आएको छ। जस अन्तर्गत सामुदायिक विद्यालयतर्फ तीन वटा विद्यालयमा उत्कृष्ट छात्रछात्रालाई छात्रबृत्ति प्रदान गर्नका लागि अक्षयकोष स्थापनार्थ रकम हस्तान्तरण गरिएको छ। सरस्वती माध्यमिक विद्यालय बिर्तामोड-६ बुट्टाबारी, आदर्श बिद्यामन्दिर माध्यमिक विद्यालय घैलाडुब्बा, सरस्वती मावि आठराई हाङ्पाङलाई तीन लाख १० हजार रूपैयाँका दरले अक्षयकोषका लागि रकम हस्तान्तरण गरिएको थियो।

त्यस्तै मदरसा तालीमूल कुरान आधारभूत बिद्यालय बिर्तामोड-३लाई ५० हजार रूपैयाँ सहयोग हस्तान्तरण गरिएको थियो। बिद्यालयकी छात्रा अनन्या खरेलले स्वागत गरेको कार्यक्रम पहिलो चरण सञ्चारकर्मी लीला अनमोल र दोस्रो चरण शिक्षक पवित्रा पौडेलले सञ्चालन गरेका थिए। उक्त अवसरमा बिद्यार्थीले विविध संस्कृति झल्कने नृत्य तथा गीत प्रस्तुत गरेका थिए।

# पानीट्यांकीमा १० किलो चाँदीसहित झापाकी महिला पक्राउ



**झापा, माघ १६।** नेपाल-भारत सीमा क्षेत्र काँकरभिट्टा-पानीटंकी नाकास्थित पुरानो मेची पुलबाट भारतीय सशस्त्र सीमा सुरक्षा बलले करिब १० किलो चाँदीसहित झापाकी एक महिलालाई पक्राउ गरेको छ।

भारतीय सशस्त्र सीमा सुरक्षा बलको पानीट्यांकीस्थित 'सी' कम्पनीले सहायक निरीक्षक विक्रमसिंह चौधरीको नेतृत्वमा विशेष अभियान सञ्चालन गर्दा चाँदी बरामद गरिएको हो।

सुरक्षाकर्मीले शुक्रबार दिउँसो करिब १२:४५ बजे पुरानो पुल क्षेत्रमा शंकास्पद अवस्थामा हिँडिरहेकी महिलालाई रोकी जाँच गर्दा उनको झोलाभित्र लुकाइछिपाइ राखिएको दानादार स्वरूपको चाँदी फेला परेको जनाइएको छ।

## निपा ...

भएका ती दुई जनासँग सम्पर्कमा आएका व्यक्तिहरूलाई उनीहरूले क्वारन्टीनमा राखेर परीक्षण गरिरहेका छन्। उनीहरूमा सङ्क्रमण पुष्टि भएको छैन।

भारतको प्रेस ब्यूरो अफ इन्फर्मेशनले सङ्क्रमण पुष्टि भएका घटनासँग जोडिएका १९६ जनाको पहिचान भएको र उनीहरूलाई निगरानीमा राखेर स्वास्थ्य परीक्षण गरिएको जनाएको छ। तीमध्ये कसैमा पनि निपा भाइरस सङ्क्रमणको लक्षण नदेखिएको पीआईबीले बताएको छ।

नेपालसँग सीमा जोडिएको पश्चिम बङ्गाल राज्यमा निपा भाइरस देखिएको सार्वजनिक भएपछि विमान र स्थलमार्गबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूलाई स्क्रीनिङ गर्न र निगरानीमा राख्न निर्देशन दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी भन्छन्- स्थलनाका र हवाई नाकामा भएका हाम्रा हेल्थडेस्कलाई आवतजावत गर्ने यात्रुहरूलाई निगरानीमा राख्न भनेका छौँ। कुनै शङ्कास्पद लक्षण र प्रभावित क्षेत्रबाट आएका व्यक्तिहरूलाई आवश्यक पर्दा क्वारन्टीनमा राख्न उनीहरूलाई काउन्सिलिङ गर्ने र स्वास्थ्य संस्थामा पठाउनुपर्ने भए त्यहाँ पनि समन्वय गर्न हामीले भनिसकेका छौँ।

उनका अनुसार आवश्यक पर्दा नमूनाहरू सङ्कलन गर्न र त्यही अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई पनि तयार अवस्थामा राखिएको छ। तर, हालसम्म नेपालमा कसैमा पनि सङ्क्रमणको कुनै लक्षण नदेखिएको उनको भनाइ छ।

**कसरी हुँदैछ निगरानी**

झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले स्वास्थ्य मन्त्रालयले पश्चिम बङ्गालमा देखापरेको निपा भाइरसबारे चासो भएका कारण नेपालको पूर्वी सीमामा अवस्थित काँकरभिट्टा र भद्रपुर नाकाहरूमा स्वास्थ्य डेस्क राखिएको बताए।

कसैलाई उच्च ज्वरो आएको देखिएको छ भने स्वास्थ्य संस्थाहरूमा सिफारिस गरेर पठाउने गरेका छौँ। अहिलेसम्म त्यस्तो केही देखिएको छैन। हाम्रो सशस्त्र प्रहरी बलमार्फत् उनीहरू(भारत)लाई हामीले त्यताबाट आउने व्यक्तिहरूको अलिअलि निगरानी तपाईंहरूले पनि गरिदिनुपर्छ भनेका छौँ। उनीहरूबाट हामी पनि त्यसमा गम्भीर छौँ भन्ने कुरा भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुहरूको तापक्रम परीक्षण गर्ने क्रमलाई निरन्तरता दिइएको त्यहाँका अधिकारीहरूले जनाएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता सन्तुष्टकुमार बस्नेतले भने- कोभिडको बेलामा नै यात्रुहरूको तापक्रम नाप्ने उपकरण राखिएको थियो। त्यसबाट पार हुँदा कसैको शरीरको तापक्रम १०० डिग्रीभन्दा बढी देखिएको खण्डमा त्यहाँ रहेको स्वास्थ्यकर्मीको टोलीले अलग्गै राखेर सम्बन्धित व्यक्तिहरूसँग परामर्श गर्ने गर्छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ताले शङ्कास्पद कोही पनि नदेखिएका र हालसम्म कसैलाई पनि क्वारन्टीन, ट्र्याकिङ वा परीक्षण गर्नुनपरेको बताए। इन्फ्लुएन्जा वा रुघाखोकीको लक्षण भएका १५ वटा नमूना हामीले प्रत्येक साता विदेशमा पठाउने नियम कायम राखेकै छौँ। ल्याबबाट पनि हामीले नियमित निगरानी गरिरहेका छौँ। अनि हेल्थडेस्कबाट पनि निगरानी गरिरहेका छौँ। तर, त्यस्तो शङ्कास्पद केही देखिएको छैन।

**निपा भाइरस के हो ?**

अहिले भारतमा देखापरेको यो भाइरसको सङ्क्रमण सन् २००१ यता त्यहाँ अभिलेख गरिएको सातौँ प्रकोप भएको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)लाई उद्धृत गर्दै विवरणहरू आएका छन्।

पश्चिम बङ्गालको अन्तर्राष्ट्रिय सीमा नेपाल, भुटान र बंगलादेशसँग जोडिएको छ। तर, निपा भाइरस स्थानीय तहमै सीमित रहेको हुन सक्ने स्वास्थ्य अधिकारी तथा विज्ञहरूको अनुमान छ।

विज्ञहरूका अनुसार निपा भाइरस पशुबाट मानिसमा सर्छ। उक्त भाइरसबाट सङ्क्रमित भएका चमेरा वा सुँगुरजस्ता जनावर र कीटाणुयुक्त खानेकुरा र कहिलेकाहीँ एक सङ्क्रमित व्यक्तिबाट अर्कोमा सर्ने गर्छ। एउटा मानवबाट अर्को मानवमा निपा भाइरस सर्नु दुर्लभ भएको तर असम्भव नभएको डब्ल्यूएचओले जनाएको छ।

सन् १९९८ यता बंगलादेश, भारत, मलेशिया, फिलिपिन्स र सिङ्गापुरमा निपा भाइरसबाट सङ्क्रमित मानिसहरू फेला परेका छन्। डब्ल्यूएचओले निपा भाइरसको सङ्क्रमणलाई घातक रोगको सूचीमा राखेको छ। यसबाट हुने मृत्युदर ४० देखि ७५ प्रतिशतसम्म हुन सक्छ।

यो सङ्क्रमणको उपचारका लागि हालसम्म कुनै खोप वा औषधि उपलब्ध छैन। इबोला, जीका र कोभिड-१९ जस्तै विश्वव्यापी महामारी निम्त्याउन सक्ने रोगको सूचीमा यसलाई राखिएको छ।

**विज्ञ के भन्छन् ?**

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको चिकित्सकीय अनुसन्धान एकाइका प्रमुख डा. शेरबहादुर पुन भारतमा निपा सङ्क्रमण देखिँदा नेपालमा उच्च सावधानी अपनाइनुपर्ने बताउँछन्। यो हाम्रो लागि पनि चिन्ताको विषय हो। भारतसँग हाम्रो खुला सिमाना छ। यो हाम्रो लागि गम्भीर विषय पनि हो र बेवास्ता गर्नै नसकिने विषय हो। मानिसबाट मानिसमा पनि सर्ने र चमेरो अनि सुँगुरबाट मानिसमा सर्ने भएकाले सावधानी अपनाउनुपर्छ।

उनका अनुसार निपा भाइरसको सङ्क्रमण हुँदा सुरुमा रुघाखोकीसँग मिल्दोजुल्दो लक्षण देखिन्छ। पछि टाउको दुख्ने, बान्ता हुने र अन्ततः स्नायुप्रणालीमा नै असर पुग्न सक्ने अनि बिरामी अचेत हुन सक्ने उनले बताए।

डब्ल्यूएचओले निपाको जोखिम नियन्त्रणका लागि चमेरोबाट मानवमा हुने सङ्क्रमणको जोखिम कम गर्नेसहितका उपाय अवलम्बन गरिनुपर्ने सुझाव दिएको छ। चमेरो बस्ने भएकाले खजुरका बोटबाट निकालिने ताडी र चमेरोले टोकेका फलफूलहरू सेवन नगर्न सुझाव दिएको छ।

त्यसबाहेक निपा भाइरसबाट सङ्क्रमित भएका व्यक्तिहरूसँग असुरक्षित शारीरिक सम्पर्क नराख्न र बिरामीहरूलाई भेट्नुपर्दा सरसफाईमा विशेष ध्यान दिन पनि डब्ल्यूएचओले भनेको छ।

हावाबाट पनि जीवाणु सर्न सक्ने भएकाले एक व्यक्तिबाट अर्को व्यक्तिमा हुने सङ्क्रमण नियन्त्रणका लागि विशेष सावधानी अपनाइनुपर्ने भन्दै डब्ल्यूएचओले निपा सङ्क्रमणको आशङ्कामा सङ्कलन गरिएका नमुनाहरूलाई तालिमप्राप्त जनशक्तिले विशेष खालका प्रयोगशालाहरूमा जाँच गराउनुपर्ने उल्लेख गरेको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी निपा सङ्क्रमण रोक्न नागरिकहरू स्तरमा पनि सचेतना आवश्यक रहेको बताउँछन्। सीमानाका र अन्यत्रबाट भरसक नभित्रियोस् भनेर सरकारले प्रयास गर्ने हो। सर्वसाधारण नागरिकहरूले पनि चमेरोले जुठो हाल्न सक्ने र टोकेर झार्न सक्ने फलफूल र सागसब्जीलाई लिएर सावधानी अपनाउनुपर्छ। मास्क लगाएर मात्रै हिँड्नुपर्छ र शङ्कास्पद खालका बिरामीहरू छन् भने उनीहरूको नजिक जानु हुँदैन। वीवीसी

## महिला ...

अनिलकुमार झालाई हराउँदै एमालेकी महतो निर्वाचित भइन्। यसपटकको आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनता समाजवादी पार्टीका परमेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजीव झा र नेपाली कम्युनिष्ट पार्टीका राम ललित मण्डलसहित अन्य विभिन्न दलबाट उम्मेदवारी दिएकाले रोचक प्रतिस्पर्धा हुने निश्चित छ।

यसैगरी, नेपाली कांग्रेसकी नेतृ किरण यादव महोत्तरी क्षेत्र नं. २बाट चुनावी प्रतिस्पर्धामा उत्रिएकी छिन्। महिलाको मुद्दामा लामो समयदेखि लड्ने र नागरिक अधिकार स्थापनाका लागि पनि निकै सक्रियताका साथ लागेकी नेतृ यादवले नेपाली राजनीतिलाई अस्थिरताको भुमरीबाट निकाल्न महिलामैत्री राजनीति अपरिहार्य भएको हुँदा आफ्नो उम्मेदवारी भएको बताउँदै अहिले महिलाको चाहना समान अवसर तथा स्रोत र शक्तिमा समान अधिकार मात्र होइन, समान उपलब्धि पनि हो र यसका लागि धेरैभन्दा धेरै महिला प्रतिनिधिसभामा जितेर जानुपर्ने बताए।

विभिन्न समयमा भएको सामाजिक र राजनीतिक आन्दोलनले महिला र पुरुषको सामाजिकीकरणको प्रक्रियालाई परिवर्तन गरेको छ- उनले भने।

मुख्यतः संघीय लोकतान्त्रिक संविधानको संरक्षणबाट मात्र मधेसको आर्थिक विकासको आधार सिर्जना हुने भएकाले चुनावमा संघीय संविधानको रक्षा र विकासको नारा सँगसँगै लिएर आफू चुनावी मैदानमा होमिएको उनले बताए।

विशेषगरी महोत्तरी-२ कांग्रेसको गढ भए पनि पछिल्लो समय जसपाका नेता शरदसिंह भण्डारीले निरन्तर चुनाव जित्दै आएका छन्। यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेतृ किरण यादव जनता समाजवादी पार्टीका नेता शरदसिंह भण्डारी, नेकपा (एमाले)का कासिम नदाफ, नेपाली कम्युनिष्ट पार्टीका लक्ष्मणकुमार यादवसहितका उम्मेदवारहरूसँग कडा प्रतिस्पर्धा गरिरहेका छन्।

यसअघि २०७९को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेता भण्डारीले लोसपाबाट २५ हजार १९० मत ल्याएर विजयी हुँदा तमलोपाका बिजयकुमार सिंहले ११ हजार १२० र एमालेका राम परीक्षण यादवले १० हजार २५८ मत ल्याएका थिए। वि.सं. २०७४ मा कांग्रेसले सिट नपाएर भण्डारीले सहजै चुनाव जिते पनि यसपटक कांग्रेसकी किरण यादव समेत उम्मेदवार भएको हुनाले त्यस क्षेत्रमा रोचक प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

त्यस्तै पूर्वमन्त्री तथा नेकपा (एमाले)का नेत्री ज्वालाकुमारी साह बारा क्षेत्र नं. ३ बाट चुनावी प्रतिस्पर्धामा उत्रिएकी छिन्। यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुर, जनमत पार्टीका प्रमोदप्रसाद गुप्ता, जसपा नेपालका रामबाबुकुमार यादव र रास्वपाका अरविन्द साहसहितका उम्मेदवारसँग कडा प्रतिस्पर्धा गरिरहेका छन्।

यसअघि २०७९को प्रतिनिधिसभा सदस्य निर्वाचनमा यस क्षेत्रबाट एमालेकी ज्वालाकुमारी साहले २० हजार २५१ मत ल्याएर निर्वाचित हुँदा जसपाका रामबाबुकुमार यादवले १७ हजार २७९ र लोसपाका लालबाबुसिंह भुइँहारले ११ हजार ९६४ मत प्राप्त गरेका थिए।

अधिकांश महिला उम्मेदवारहरुले ठूला दल र शक्तिशाली उम्मेदवारबीच किन स्वतन्त्र उम्मेदवार बनेको भन्ने प्रश्नको जवाफमा राजनीतिमा महिलाको उपस्थिति कमजोर छ, त्यसैले स्वतन्त्र रूपमा उम्मेदवारी दिएर महिला सशक्तीकरणको सन्देश दिएको बताएका छन्। महिला अझै अग्रसर हुन सकेका छैनन्। मेरो प्रतिनिधित्वले अरू महिलालाई पनि अघि बढ्न प्रेरणा मिलोस् भन्ने चाहना हो- उनीहरुको भनाइ छ।

पछाडि परेका, पीडित र राज्यको पहुँचबाट बाहिर परेका समुदायका घाउमा मलहम लगाउन सकिन्छ भन्ने विश्वासका साथ आफू चुनावी प्रतिस्पर्धामा उत्रिएको रौतहट-३बाट स्वतन्त्र उम्मेदवारी दिएकी सुजिताकुमारी गौतमको भनाइ छ। प्रतिस्पर्धाको कृत्रिम कुरा गरेर शदियौंदेखि उत्पीडन एवम् राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारबाट बञ्चित मधेसका अल्पसंख्यक मुस्लिम र दलित महिलाले जितेर आउलान् भनेर नै उनीहरुलाई नल्याउने योजना हो- सप्तरी-२ का स्वतन्त्र उम्मेदवार अम्बिकादेवी साफीले भनिन्- निर्वाचनका माध्यमबाट मुलुकमा आफ्नो अधिकार सुनिश्चित गर्न सम्पूर्ण दलित र अल्पसंख्यक मुस्लिम महिलाले चुनावमा सक्रिय सहभागिता जनाउनु पर्दछ।

चुनावमा महिलालाई अवसर नदिएको विरोधस्वरूप स्वतन्त्र उम्मेदवारी दिनेहरू पनि धेरै छन्। नेपालको राजनीतिक परिप्रेक्ष्यमा महिलाको पहुँच सीमित रहेको र राजनीतिक दलमा महिलालाई नेतृत्व र निर्णायक भूमिकामा अवसर नदिएका कारण स्वतन्त्रमा महिला आउने गरेका छन्।

आगामी फागुन २१ को निर्वाचनका लागि उम्मेदवार बनेका नेता तथा तिनका कार्यकर्ताका नाचगान र नारा जुलुसले मधेस प्रदेशमा चुनावी उल्लास देखिएको छ। महिला र पुरुषको जन्म समान रुपबाट हुने भए पनि दलहरुमा अझै महिलालाई आलङ्कारिक (सेरेमोनियल) उपस्थिति गराउने चलन रहेको छ, पर्सा क्षेत्र नं २ बाट राप्रपाकोतर्फबाट उम्मेदवार बनेकी वीणा जयसवालले भनिन्- पुरुष त चुनाव जितेर गए तर संघीय लोकतान्त्रिक संविधानको प्रभावकारी कार्यान्वय गर्न सकेनन् भने यसपालि मतदाताले हामीलाई पत्याएमा चुनाव जितेर गएपछि संविधानको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय भूमिका निर्वाह गर्छौं र महिलाको अधिकार पनि सुनिश्चित पार्छौं।

हामी चुनाव अभियानमा रातदिन लागेका छौं तर हाम्रो गतिविधि प्रचारप्रसार नहुँदा चर्चा नभएको हो- महिला उम्मेदवारहरुले एकै स्वरमा भने- महिला उम्मेदवारलाई सञ्चार माध्यमले पनि ध्यान दिन सकेको छैन्।

राजनीतिमा कमै मधेसी तथा मुस्लिम महिला लाग्ने भएकाले उनीहरुको उम्मेदवारी सञ्चारमाध्यमका लागि गतिलो विषय हुन सक्दछ। उनीहरुले मधेसी, दलित र मुस्लिम वर्गको महिलाको उम्मेदवारीलाई सञ्चारमाध्यमले विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्।

## ताल्चा ...

र प्रहरी चौकी शनिश्चरेबाट प्रहरी वरिष्ठ नायब निरीक्षक नुमराज केसीको नेतृत्वमा टोली खटिएको छ।

## सातौं ...


गरिसकिएको समितिका अध्यक्ष गिरीले जानकारी दिए।

झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए। प्रतियोगितालाई एग्रो थाई फुड्सको उत्पादन एक्सट्रिम एनर्जी ड्रिङ्कसले प्रायोजन गर्ने सहमतिसंगै शुक्रबार पत्रकार सम्मेलनकै समयमा मुख्य प्रयोजकसमेत रहेको एक्सट्रिम एनर्जी ड्रिङ्कस र आयोजकबीच सम्झौता-पत्रमा हस्ताक्षर भएको छ।

प्रतियोगिताका लागि मैदान मर्मतको काम पनि अन्तिम चरणमा छ भने बाँसको अस्थायी प्यारापिट समेत निर्माण सम्पन्न भइसकेको छ। मञ्च सजावट बाहेकको सम्पूर्ण तयारी पूरा भइसकेको आयोजक समितिका संयोजक गिरीले जानकारी दिए।

**मोटरसाइकलको लाइसेन्स हरायो**

मिति २०८२।१०।१३ गते दूधेबाट बिर्तामोड जाने क्रममा हराएको मेरो निम्न व्यहोराको मोटरसाइकलको लाइसेन्स हराएको हुनाले देख्नुहुने वा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यलय झिलझिले वा तलको नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।
सम्पर्क नं. ९८०६०११७००
ठेगानाः सिवसताक्षी-९, दूधे (झापा)
लाइसेन्स नम्बर ०१-०१-००६८७१९७

वरिष्ठ मुटु रोग विशेषज्ञ

DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST
CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)
प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट
उपचार हुने रोगहरु
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा सास फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श
आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

## कविता

### एकताको पथ

☐ उमँगजङ्ग पराक्रम शाह

न निष्क्रिय न चञ्चल न टाढा न नजिक
म जहाँ उभिएको छु
यो माटो समान समतल छ
लौकिक चाहनाभन्दा निक्कै पृथक ।
भूगोल मात्र पनि होइन यो
ढुङ्गा र बालुवाले बनेको
आत्मासँग गाँसिएको शूत्र हो यो
जसले मेरो चलायमान शरीरलाई
हंस-हंस दिन्छ ।
त्यसैले त यो मेरो पाउमुनि होइन,
मेरो शिरमाथि छ ।
स्वयम् काल सामु पनि नभुकुला
जब यो माटोको तिलक
मेरो निधारमा छ ।

म दुःखी, सुखी, पीडित,
सम्पन्न अनेक हुँला
तर म जे छु, जो छु
यही माटोमा उभिँदा छु ।
म कहाँ थिएँ त्यो मेटेर होइन,
फरक-समानका भेदहरु खोजेर पनि होइन ।
जब विजयध्वज मेरो चन्द्र-सूर्य फरफराउँछ,
एक रेसा, एक तन्तु उभिएको नसहौंला
कसैलाई नछुटाई काँधमा काँध मिलाई
हरेक लडेकालाई उठाई
मेरो राष्ट्र उठाउँला ।
एकताको पथमा जुटौंला ।

मेरो पुर्खाको रगत र पसिनाले सिँचिँदै गर्दा
टप्-टप् यो माटो बोलेको आवाज
मेरो कानमा गुञ्जिरहँदा
लौकिक आवश्यकताहरु गौण छन् मलाई
मातृभक्तिको सुर-ताल,
स्वयम् महाकाल ताण्डव गर्छन् जसरी,
मेरा रक्ततन्तुहरुमा दौडन्छन् ।
भूत, भविष्य र वर्तमान एकै बिन्दुमा समेटिँदा
तब मेरो नशा-नशाले भन्छ आमा ।

त्यसैले त यो मेरो शिरमाथि छ,
यो भौतिक अवशेषभन्दा निकै पर
मेरो आत्माभित्र छ ।
मेरो माटोलाई शिरमा पहिरी
सफलताको शिखर चढौंला ।
प्रतिशोध र द्वेषका जालो पन्छ्याई
एकताको ध्वज ओढौंला ।
मेरो माटोलाई अब उर्वर तुल्याउन
एक म, एक अघि बढ्नुछ
तराई, हिमाल, पहाडको एक म ।

### निर्वाचन २०८२

☐ रञ्जित यादव

प्रिय किसान महानुभावहरू
फेरि समयमा मल नपाउँदा
धुरू-धुरू रूनु पर्ला
धान-बालीको मूल्य नपाएर
निधारमा हात मल्नु पर्ला ।

आदरणीय शिक्षक वर्गहरु तलबको लागि
फेरि महिनौ भोको पेट, खाली खुट्टा
आन्दोलन गर्नुपर्ला
आन्दोलनको सहमति कार्यान्वयन नहुँदा
फेरि आन्दोलन नै गर्नुपर्ला ।

प्यारा युवा वर्ग फेरि
श्रम र सीप बेच्न परदेश जानु पर्ला
बा-आमा परिवार सम्झेर
देशलाई धिक्कार्नु पर्ला ।

श्रदेय व्यापारीज्यूहरू
धाक-धम्की चन्दा आतंक
फेरि सहनु पर्ला
व्यवसाय नै नगरी कर र
व्याजले थला पर्नु पर्ला ।

नेपाली नागरिक फेरि
दुई-तीन वर्षमै चुनावमा होमिनुपर्ला
जनक्रान्ति गरेर फेरि रगतको
होली खेल्नु पर्ला ।

समयमै सोचौं यस निर्वाचनमा
सही नेतृत्व छानौं
जान्नेलाई छान्ने अठोट गरी
मताधिकार प्रयोग गरौं ।

---

# साहित्यका चम्किला तारा ज्ञानरञ्जन

व्यक्तित्व/स्मृति



भुवन तामाङ

ज्ञानरञ्जन भारतको एक स्थापित साहित्यकार हुन् । उनका सिर्जनाहरुले भारतका पाठकवर्गमा अमिट छाप छाड्न सफल छन् । महाराष्ट्रको अकोलामा २१ नोभेम्बर १९३६ मा ज्ञानरञ्जनको जन्म भएको थियो । इलाहाबाद विश्वविद्यालयबाट पढाइ सकेपछि उनी जबलपुरको जीएस कलेजमा हिन्दीका प्राध्यापक बने । त्यहाँबाट उनी १९९६ मा सेवानिवृत्त भए । उनी प्रगतिशील लेखक संघमा पनि केन्द्रीय भूमिकामा थिए र जबलपुरको रंगमञ्चको दुनियाँमा पनि उत्तिकै सक्रिय थिए ।

उनका साहित्यिक उपलब्धीका रुपमा थुपै राष्ट्रिय सम्मानद्वारा मान्यता प्राप्त भएका छन् । जसमा साहित्य भूषण सम्मान, शिखर सम्मान, मैथिलीशरण गुप्त सम्मान, ज्ञानपीठको ज्ञानगरिमा मानद अलंकरण सम्मान र सोभियट लैण्ड नेहरू अवार्ड लगायत समावेश छन् । ज्ञानरञ्जन ती बिरलै कथाकारहरू मध्ये हुन् जसले धेरै कम लेखेका छन्, तर उनको लेखाइले लामो समय र टाढासम्म गहिरो प्रभाव छाड्न सफल रहेका छन् । उनका सिर्फ पच्चीस कथाहरूको भरमा हिन्दी कथा-साहित्यमा उनले जुन स्थान र सम्मान कमाए, त्यो आफैँमा दुर्लभ उदाहरण मानिन्छ । तर, यसभन्दा पनि असाधारण निर्णय भनेको उसबेला थियो जब उनले कथा लेखन लगभग छोडेर आफूलाई पूर्ण रूपमा 'पहल' नामक पत्रिकाको सम्पादनमा सीमित गरिदिए ।

ज्ञानरञ्जनका कथाहरू साठीको दशकको त्यो रोमान्चक मध्यम वर्गीय आत्मसन्तुष्टिको बिरुद्ध एक निर्णायक हस्तक्षेप थिए, जसले जीवनको सतहमा मात्रै तैरिरहेका भावनाहरूलाई वास्तविकता ठानेको थियो । उनका कथाहरू घटनाबाट होइन, प्रक्रियाबाट बन्ने गर्दछन् । उनी जीवनलाई घट्दो रूपमा होइन, बन्ने-टुट्ने रूपमा हेर्छन् । उनका कथाहरू पढ्दा मानसिक, सामाजिक र नैतिक शक्तिहरूका केन्द्रीत भएका पाइन्छन् ।

ज्ञानरञ्जनको 'घण्टा' शीर्षकको कथा पढ्दा 'पेट्रोला'को उक्त डुबेको ठाउँ उजागर हुन्छ, जहाँ नागरिकता मन्द थियो, भाषा खरानी जस्तो थियो र सत्य बोल्ने मूल्य निर्धारण गरिएको थियो । घण्टा कथामा 'पेट्रोला' यस्तो ठाउँ थियो जहाँ नागरिकहरूको कुनै सरोकार थिएन । घण्टाको कथानायक त्यहाँ बसेर मात्र मदिरा पिउँदैनन्, उनी आफ्नो समयको सत्ता, सभ्यता र बौद्धिक दलालीबीच पिसिँदै गर्दा पनि जोडले हाँस्छन् । यो हाँसो कुनै राहतको होइन, तर भित्री तहसम्म



जमेको क्रोध, आत्मग्लानि र असहाय प्रतिरोधको हाँसो हो । ज्ञानरञ्जन पनि त्यस्तै कथाकार थिए । उनको लेखन सजिलो स्थानबाट होइन, तर समाजको तलहटबाट निस्कने गर्थ्यो, तर यस्ता प्रभावशाली कथाकारको दुःखद् निधन भएको छ । भारतले एउटा महान साहित्यिक प्रतिभा गुमाएको छ । गत बुधबार ९० वर्षको उमेरमा, जबलपुरमा उनको निधन भएको छ ।

ज्ञानरञ्जनका मित्र हिन्दीका चर्चित कवि आलोक धन्वा भावुक स्वरमा भन्छन्, उनको अनुपस्थिति अब कहीँ बढी गुञ्जिरहेको छ । करिब ६० वर्षदेखि हामी एकअर्कालाई चिन्छौँ । ७० को दशकमा, जबलपुरको अग्रवाल कुलोनिको उनको घरमा म महिनाभर उनीसँगै थिएँ । आज एक-एक गर्दै उनका सबै कथाहरू याद आइरहेका छन् । कुल २५ कथाहरू उनले लेखेका थिए र प्रत्येक कथा अमर भइसकेको छ ।

साहित्यकार, सम्पादक, कलाकार शम्पा शाह भन्छिन् कि, पारम्परिक र आधुनिक जीवनशैलीको युद्ध स्थल बनेका हाम्रा शहरी मध्यम वर्गीय परिवार र तिनका सदस्यहरू नै ज्ञानरञ्जनका कथाहरूको परिवेश हुन् । यस परिवेशको विच्छेद, अप्ठ्यारो, आत्मसम्मान, विश्वासघात, अपथ्य, नक्कलीपन, वास्तविकता- सबै कुरा उनका कथाहरूले अत्यन्त समावेशी र गहिरो ढंगमा समेटेका छन् । ज्ञानरञ्जनका कथाहरूमा भाषा-संरचना-कथ्य उत्तिकै कडाइका साथ गाँसिएका हुन्छन् कि तिनीहरूलाई अलग गर्नै सकिँदैन । यहाँसम्म कि यी मध्ये एउटा विषयमा अलगढङ्गले कुरा गर्न पनि सकिँदैन । यसबारे पत्ता लगाउन तपाईं उनले लेखेका कहानी- जस्तैः 'बहिर्गमन' वा 'घण्टा' वा 'फ्यान्सको इधर-उधर' वा 'बुबा'का कथ्यलाई कसैलाई सुनाउने प्रयास गरेर हेर्न सक्नुहुन्छ ।

त्यो कथाबाट कुनै वाक्य अलग गरेर मात्र सुनाएर हेर्नुहोस् । कथाको बनावटबाट बाहिर निकाल्दै लग्दा त्यो वाक्य त्यति प्रभावकारी रहँदैन, जब कि कथाको भित्र त्यो प्रायः यस्तो वाक्य हुन्छ जुन कथाबाट हटाउन त परै जाओस्, थोरै हल्लाउन समेत सकिँदैन । ज्ञानरञ्जनका कथाका पात्रहरू धेरै सोच्ने पात्रहरू हुन् । उनीहरू मुखर हुँदैनन्, तर तिनीहरूको भित्र निरन्तर एक बेचैनी काम गरिरहन्छ । तिनीहरूका कथाहरूमा सम्बन्ध भावनात्मक सजावट होइन, तर तनाव, असफलता, अपराधबोध र नैतिक द्वन्द्वले बनेको जटिल ढाँचा हुन्छ ।

कवि आलोक धन्वा भन्छन्- उनी हिन्दीका पहिलो कथाकार थिए, जसमा शहरप्रतिको आकर्षण थियो । तर उनको प्रत्येक कथामा प्रकृतिलाई अनिवार्य रूपमा समावेश गरिएको छ । उनी स्वयम् भन्थे कि प्रकृति बाहेक, उनी आफ्नो कथाहरूमा कहिल्यै शहर बाहिर गएनन् । उनी जुन शहरी र कस्वाई मध्यम वर्गको चित्रण गर्छन्, त्यही सम्पूर्ण सामाजिक व्यवस्थाको केन्द्र हो, जहाँ अवसरवाद पनि छ, बाध्यता पनि छ र प्रतिरोधको अधुरो आकांक्षा पनि । धन्वाका अनुसार, आफ्नो बहुचर्चित 'बुवा' कथामा पनि कथाकार ज्ञानरञ्जन कसैको नायकत्व निर्माण गर्दैनन् । यो कथा बुवाको सत्ताको महिमा मण्डन गर्दैन, बरु त्यो सत्ताभित्र लुकेको एकान्तता, कठोरता र दया एकसाथ देखाउँछ । पाठक लामो समयसम्म सोचिरहन्छ, कसको पक्षमा उभिने ?

ज्ञानरञ्जनले आफ्ना कथाहरूको बारेमा भनेका थिए, एक कथा शेष हुँदै धेरै सराहना प्राप्त गऱ्यो, धेरै लोकप्रिय भयो । यो कथा प्रेमको निर्माणको कथा थियो । त्यसपछि म अर्को बाटोमा पुगेँ । मैले प्रेमको अमरतत्वमा होइन, प्रेमको विनाशका मात्र कथाहरू लेखेको छु ।

आफ्ना कथाहरूका लागि चर्चित, मार्क्सवादी विचारधारा र सङ्गठनहरूसँग सम्बन्धित ज्ञानरञ्जनले जब 'पहल' पत्रिकाको प्रकाशन शुरु गरे, तब यसलाई एक महत्त्वपूर्ण सार्वजनिक हस्तक्षेपको रूपमा हेरियो । यो पनि रोचक कुरा हो कि पहल कुनै विशेष प्रवृत्ति, समूह वा विचारधाराको पहिचानमा सीमित रहेन, बरु साहित्यिक विवेक, बौद्धिक इमान्दारी र प्रश्नपूर्ण चेतनाको पत्रिकाको रूपमा स्थापित भयो । कथाकार प्रभु नारायण वर्मा भन्छन् कि ज्ञानरञ्जनको आफ्नै फरक व्यंग्यात्मक भाषा र अनौठा विवरणहरूले उनका कथाहरू पाठकलाई चकित, अचम्भित र चिन्तित बनाउँछन् । धेरै कथाकारहरूमा उनको यो प्रभाव आज पनि देखिन्छ । तर, ज्ञानरञ्जनको अर्को महत्त्वपूर्ण भूमिका पहेल पत्रिकाको लामो समयसम्मको र स्तरयुक्त सम्पादन नै हो । लामो समयसम्म पहेल हिन्दीको उत्कृष्ट साहित्य र विचारको पत्रिका रह्यो ।

वर्षौं अघि ज्ञानरञ्जनले लेखेका थिए, हामीसँग महान स्रष्टाहरुलाई सम्झन, उनीहरुलाई बुझ्न र तिनीहरूप्रति कृतज्ञता व्यक्त गर्न धेरै पारम्परिक र सीमित तरिका मात्र छन् । गोष्ठी, व्याख्यान र किताब वा कुनै ट्रस्ट, नामले कुनै पुरस्कार वा एउटा मुर्तिले । यी बाटोहरूले हामी हाम्रा अद्वितीय स्रष्टाहरुलाई सम्झन्छौँ । ठूलो र लोकप्रिय लेखकलाई ज़िन्दाबाद भनेको धेरै पाइन्छ, तर प्रायः परम्परागत सम्झनाबाट अघि उनीहरूको भित्री संसारको महानतासम्म पुग्नु धेरै पटक बढी कठिन हुन्छ ।

ज्ञानरञ्जनको कथा 'बुबा'को मुख्य पात्र एउटा त्यस्तो नैतिक अडानको प्रतिनिधि हो, जसले सुविधा, आग्रह र सम्झौता, तीनैलाई अस्वीकार गर्दछ । राति बाहिर एक्लै सुत्नु उसको लागि पीडाको विकल्प होइन, बरु आत्मसम्मानको शर्त हो । यो मौन कुनै निष्क्रिय शून्यता होइन, बरु यस्तो नैतिक अभिव्यक्ति हो । यी माथिका कथनहरुबाट ज्ञानरञ्जन र उनका सिर्जनाहरुको विशेषता बुझिन्छन् । ज्ञानरञ्जन आफ्नो ९० वर्षको यात्रामा आफैं पनि जीवन र साहित्यमा ती ठाउँहरूबाट बाहिर उभिएका देखिन्छन्, जहाँ सहमति र सुविधा सजिलै उपलब्ध हुन्छ, तर उनी सरोकारपूर्ण चिन्तन, लेखन र पठनको दुनियामा अन्तिम समयसम्म सक्रिय रहिरहे ।

(बिबिसी, आलोक पुतुलको आलेखको सहयोगमा)

---

# एकादेश

कथा





डा. राजु अधिकारी

एकादेशमा एउटा सानो शहर थियो । शहरको किनारामा एउटा गाउँ थियो । गाउँको किनारामा एउटा खोला थियो । खोलाको किनारामा एउटा जरुवा थियो । जरुवाको किनारामा बेलको एउटा रूख थियो । शहर र गाउँमा मानिस बस्थे, खोला र जरुवामा माछा बस्थे, रूखको फेदका माटाका ढिस्काका प्वालमा र रूखका पातमा गुँड लगाएर कमिला बस्थे ।

गाउँ सौम्य थियो, खोला निर्मल थियो, रूख पवित्र थियो । खोला गाउँको जीवनको धमनी थियो भने जरुवा गाउँको मुटु ! मुटु र रक्त नली जस्तै ती दुबै महत्त्वपूर्ण थिए । जरुवालाई खोलाबाट छुट्याउन ढुङ्गाको बार थियो । त्यो बारले खोलालाई जरुवामा पस्नबाट रोक्थ्यो । खोलाले खेतबारीको सिचाइँ गर्न, लुगा धुन, भाँडा माझ्न, नुहाउन र वस्तुभाउलाई खुवाउनको लागि जल मात्र प्रदान गरेको थिएन मानिसलाई प्रसस्त मात्रामा माछा, गँगटा र झिँगे माछा पनि खुवाएको थियो ।

वर्षा सकिएपछि हिउँदको मध्यसम्म खोलामा पानी थुनेर गाउँलेहरू मिलीजुली माछा मार्थे । जरुवाले पनि पिउने पानी मात्र प्रदान गरेको थिएन जल देवतालाई बासस्थान पनि उपलब्ध गराएको थियो । त्यसैले जरुवालाई अघोषित रूपमा मन्दिरको जस्तै मान्यता प्राप्त थियो ।

मन्दिरभित्र सजिएपछि ढुङ्गा पनि देवता बने जस्तै जरुवाभित्र पसेपछि सबै जलचरहरू पनि पूज्य बन्थे । माछा, सर्प, भ्यागुता, गँगटाहरू या अन्य जुनसुकै जीव भए पनि जरुवामा सदैव सुरक्षित हुन्थे । सर्पलाई त झन् जलदेवताको पनि देवताको मान्यता प्राप्त थियो । जरुवाको मूलबाट कहिलेकाहीँ नाग देवले भक्तहरूलाई दर्शन दिए भने भक्तहरूको मन प्रफुल्ल हुन्थ्यो, पाप मोचनको अनुभव हुन्थ्यो ।

जल मन्दिरको सरसफाई अनि जल देवताको सुरक्षामा मानिसहरू सजग थिए ।

जरुवामा थुक्नु हुँदैन, मुखमा खटिरा आउँछ !
जरुवा नजिकै पिसाब फेर्नु हुँदैन, कुहिन्छ !
जरुवाका माछा खानु हुँदैन, पाप लाग्छ !
जरुवाको नाग मार्नु हुँदैन, अनिष्ट हुन्छ !

ती अलिखित नियमहरू सबैका लागि अकाट्य जस्तै थिए र कसैले पनि उल्लङ्घन गर्ने दुस्साहस गर्दैनथे ।

उता जरुवा माथिको ढिस्कोको बेल वृक्षको पनि आफ्नै पहिचान र महत्त्व थियो । ऊ अन्य वृक्षको जस्तो कसैले काटेर दाउरा बनाउलान् कि भन्ने चिन्ताबाट मुक्त थियो । पवित्र भएकोले मात्र होइन काँडैकाँडाले भरिएकोले मानिसहरू त्यसमा चढ्दैनथे, फल पनि टिप्दैनथे । मानिसले भुइँबाट टिप्न सकिने जतिका उसका पवित्र पल्लवहरूले देवताको चरणमा स्थान पाउँथे । कसैको दाँत दुख्यो भने, सातो गयो भने या कसैलाई पहिले कहिले नदेखिएको रोगको लक्षण देखा पऱ्यो भने प्रथम उपचार भनेको उक्त वृक्षका हाँगामा राता र सेता ध्वजा बाँध्नु हुन्थ्यो । त्यसले काम नगरेपछि बल्ल स्वास्थ्य केन्द्रको ढोका ढक्ढकाइन्थ्यो ।

वृक्षको टुप्पोमा मानिसले टिप्न नसकेका पत्रहरूमा कमिलाले आफ्नो घर बनाएका थिए । पवित्र बेलपत्रको घरमा बस्न पाए पनि कमिलाहरू माछा जति भाग्यमानी र सुरक्षित चाहिँ थिएनन् । ठूलो वर्षा, असिना या हावा हुरी आउँदा कमिलाको घर पूर्ण सुरक्षा दिन असमर्थ हुन्थ्यो । गगनमा मेघ गर्जियो भने कमिलाहरू त्रासले थर्कमान हुन्थे भने बिजुली चम्कियो भने माछाहरूको हृदय उज्यालो हुन्थ्यो । वर्षा र हावा हुरीमा कति कमिलाहरू सोझै रूखमुनिको जरुवामा खस्थे र अधिकांशको नियतिमा माछाको आहार बन्न लेखिएको हुन्थ्यो । तिनै कमिलाहरू खाएर जरुवाका माछाहरू मोटाएका थिए ।

कैयौं शताब्दीदेखि गाउँ, मान्छे, खोला, माछा अनि रूख र कमिलाको बीचमा त्यही चक्र सन्तुलित रूपमा निरन्तर चलिरहेको थियो ।

समय बदलियो । मानिस बदलिए । गाउँ र शहर पक्की बाटोले जोडियो । लामो समयदेखि आफ्नो पहिचान र अस्तित्व जोगाएको गाउँ परिवर्तन भयो । गाउँमा शहर पस्यो, जरुवामा खोला पस्यो, रूखमा बन्चरो पस्यो । गाउँको चौतारी भत्कियो, वर पीपल र बेलका रुख काटियो र चूह्लोमा जलाइए । गाउँका घर धुरी बढे । दुई गाउँसम्म फैलिएको विस्तीर्ण घाँसे मैदानको मुटु छेडेर भ्यू टावर बन्यो, बारीमा सिमेन्टका पक्की घर बने । खेतमा इँटाका भट्टाका चिम्नीले धुँवा ओकल्न थाले । खोलामा प्रदूषण बढ्यो । मानिसहरूले विष हालेर, करेन्ट लगाएर माछा मार्न थाले । केही वर्षमै खोलामा माछा र अन्य जलचरहरूको अस्तित्व सिला खोज्ने अवस्थामा पुग्यो ।

मानिसहरू माटोको घरबाट पक्की घरमा सरे । बचे खुचेका माछा र अन्य जलचर जीवनको अन्तिम आशामा खोलाबाट जरुवातिर सरे । कमिलाहरू रूखबाट जमीनतिर सरे । गाउँमा डिप बोरिङ खनियो । घर-घरमा धराबाट पानी आउन थाल्यो, पानी भर्न, भाँडा माझ्न, लुगा धुन, नुहाउन खोला र जरुवा धाउनु परेन । खोलाको महत्त्व हरायो, जरुवाको पवित्रता बिर्सियो ।

मानिसले त्यो जरुवाको पानी पिउन थालेदेखि जतिसुकै खडेरीमा पनि पूरै खोलो चक्रक्क सुक्दा पनि जरुवाले आफ्नो धर्म छोडेको थिएन । जीवनभर अविछिन्न मुटु धड्किए झैं एक निमेष पनि विश्राम नलिई उसले जल प्रवाह गरिरहेको थियो र कैयौं पुस्ताका मानिसहरूलाई जीवन दान दिएको थियो अनि कैयौं जलचरहरूलाई देवता सरह सुरक्षा प्रदान गरेको थियो । जरुवाले पनि समय चक्रसँगै अनेक परिवर्तन देख्यो र भोग्यो तर पनि उसले आफ्नो निरन्तरता राखिरहेकै थियो ।

सबैतिर अस्वाभाविक र द्रुत परिवर्तन भइरहेको थियो । जलवायुमा पनि ! पहिले विरलै आउने खडेरी आउने क्रम अलि छिटो भएको थियो । चार वर्षकै अन्तरालमै फेरि एक पटक फेरि भयानक खडेरी आयो । खोलाले त खडेरी शुरू हुनुभन्दा पहिले नै आफ्नो हात उठाइसकेको थियो । तर जरुवाले हिम्मत हारेको थिएन । तर, बद्लिएको समयले ल्याएको नवीन परिवर्तनसँग जरुवाले परिवर्तनका पाइलामा पाइला राखेर अगाडि बढ्न सकेन । गाउँ शहरमा विकासको मूल फुटेसँगै जरुवाको मूल पनि सुक्न थालिसकेको थियो । त्यो वर्ष उसले थेग्न सकेन । हजारौं वर्ष नथाकेको ऊ पनि थाक्यो र आफ्नो कर्मबाट विश्राम लिनैपर्ने अवस्थामा पुग्यो । कुनै दिन जीवन दायिनी मानेर स्याहार सम्भार गरेको जरुवाप्रति मानिसहरूलाई कुनै वास्ता थिएन ।

खोला र जरुवाको सीमा भत्किएको थियो र यसको अधिकांश भाग भेलको बालुवाले पुरिएको थियो । मानिसहरूलाई जरुवा सुकेको बोध पनि भएन । चिन्ता हुने त झन् कुरै भएन । जरुवाको पानी विस्तारै सुक्यो । खाल्डोमा जम्मा भएको पानीमा खेलिरहेका माछाहरूलाई मूल सुक्दैछ भन्ने पत्तो भएन । उनीहरू निमग्न पौडिरहेका थिए तर मुहानमा फर्कने बाटो बन्द भइसकेको थियो । प्रचण्ड खडेरीमा खाल्डोको पानीले तीन चार दिनभन्दा बढी थेग्न सकेन र सुक्यो । माछाहरू छटपटाउन थाले ।

उता रूख काटिएपछि जमीनमुनि सरेका कमिलालाई पनि गर्मीले छटपटी हुन थाल्यो । उनीहरू पनि छाया र चिसो खोज्दै जरुवातिर लागे । जरुवा सुकेको देखेर त्यहाँ पसे । माछाहरू अँझै छट्पटाइरहेका थिए । अघिपछि कमिलाका हूल देख्दा खुशी हुने माछाहरू त्यो दिन कमिला देख्दा त्रसित बने । अघिपछि माछा देख्दा तर्सने कमिलाहरूलाई छटपटाइरहेका माछाहरू देख्दा महाभोजमा आएको जस्तो अनुभव भयो । अकल्पनीय पुरस्कार देखेपछि कमिलाको हुलले तुरुन्तै माछाहरू माथि आक्रमण गऱ्यो । कमिलाले माछालाई एकैछिनमा सिध्याए र फर्किए । सुकेको जरुवामा धेरै दिनसम्म पनि माछाको कङ्काल पल्टिरह्यो ।

---






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** कार्यसिद्धी हुने समय आएको छ, नाफामूलक यात्राको योग आएको छ । आज स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आजको दिन अनुकूल रहेको छ, अचानक यात्राको योग पर्न सक्नेछ, खर्च बढ्ने देखिन्छ, खर्च गर्दा ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अत्यन्तै बलवान छ, आजबाट मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** शुभ समय आएको छ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ, विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** बोलिको प्रभावले काम बन्नेछ बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, खर्चले चिन्ता बढाउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** इष्टमित्रले साथ दिनेछन्, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

**मिति २०८२/१०/१६ शुक्रबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३,१९,३००/-

चाँदी प्रति तोला रु.७,०८०/-



**अलपत्र बसपार्क** | सुनसरीको इनरुवा नगरपालिका–४ मा अलपत्र अवस्थामा रहेको नयाँ बसपार्क । सात वर्ष पहिले निर्माण सम्पन्न भए पनि सञ्चालनमा नआउँदा बसपार्क अहिले अलपत्र अवस्थामा छ । *तस्वीर : रासस*

# खाद्य वस्तुको मूल्यमा उतारचढाव

**झापा, माघ १६।** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत पुस महिनाको मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ ।

बजार मूल्यसँग सम्बन्धित तथ्याङ्क नै मूल्य तथ्याङ्क भएको स्पष्ट पार्दै विभागले विभिन्न पाँचवटा कार्यालय मार्फत सङ्कलन गरिएको विवरण सार्वजनिक गरेको हो । गत पुसमा बजार मूल्यमा सामान्य उतारचढाव भएको विभागले उल्लेख गरेको छ ।

आगामी दिनमा मूल्य स्थिरता कायम गरी सोही अनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई सक्षम बनाउनुपर्ने, तरकारी, फलफूल लगायत खाद्यान्नको उत्पादन मूल्यभन्दा बिचौलियाले गर्दा मूल्यमा उतारचढाव भएको प्रतिवेदनमा स्पष्ट पारिएको छ ।

यस्ता प्रवृत्तिको निरुत्साहन गर्न व्यापारका विकल्पहरु संस्थान, सहकारी, व्यापारिक सञ्जाल, साझेदारी जस्ता पद्दतिको विकास गर्नु आवश्यक रहेको ठहर गरिएको छ । मूल्य नियन्त्रणका लागि वस्तुको उत्पादनलाई बढावा दिने, वितरणकारी तहहरू कम गर्ने, आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने, बिचौलियाले मूल्यवृद्धि गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने विभागको सुझाव छ ।

त्यस्तै सिन्डिकेट र कार्टेलिङको अन्त्य गरी स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने र नियमित रूपमा बजारको अनुमगन गर्नुपर्ने अध्ययनको सुझाव छ । विभागले विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढी र काठमाडौं कार्यालय मार्फत खाद्य वस्तु तथा अन्य उपभोग्य सामग्रीको न्यूनतम र अधिकतम मूल्य पत्ता लगाउने उद्देश्यका साथ अध्ययन गरेको थियो ।

विभागका अनुसार विभिन्न सहरमा सोना मन्सुली, स्टिम जिरा, जनरल जिरा र मोटा चमलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ । मंसीरको तुलनामा गत पुसमा सोना मन्सुली चामलको मूल्य घटेको र वास्मती चामलको मूल्य बढेको देखिन्छ भने अन्य चामलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ ।

त्यसैगरी दालको मूल्यमा केही वृद्धि भएको देखिन्छ । गेडागुडीको मूल्यमा सामान्य परिवर्तन आएको, राज्मा सिमीको मूल्यमा भने मध्यम उतारचढाव भएको पाइएको छ । तरकारी तथा मसलाको औसत मूल्यमा मध्यम उतारचढाव भएको तथा आलु, काउली र प्याजमा सामान्य परिवर्तन भएको भए पनि अदुवा, गोलभैंडा, लसुन सुकेको र खुर्सानी सुकेको जस्ता मसलाजन्य खाद्यवस्तुमा ठूलो मात्रामा उतारचढाव भएको अध्ययनमा देखिएको छ ।

स्याउ, अनार लगायत फलफूलको मूल्यमा असामान्य उतारचढाव देखिनुले विभिन्न सहरको फलफूलको मूल्यमा सोही अनुपातमा परिवर्तन भएको पाइएको छ । माछा, मासु र अण्डाको औसत मूल्यमा सामान्य परिवर्तन आएको पाइएको छ। विभिन्न सहरको तुलनामा खसी, ब्रोइलर, अण्डा र माछा लगायतका मूल्यमा सामान्यदेखि मध्यम उतारचढाव भएको अध्ययनमा पाइएको छ ।

समग्र बजारको अवस्था विश्लेषण गर्दा उपभोग्य फलफूल तथा तरकारीको मूल्यमा सामान्य परिवर्तन भएता पनि घिउसिमी हाइब्रिड, परवर, काँक्रो हाइब्रिड, घिउसिमी, लोकल कुरिलो लगायत तरकारीको मूल्यमा एक सय नौ प्रतिशतदेखि एक सय ६० प्रतिशतसम्म परिवर्तन भएको अध्ययनमा पाइएको छ ।

# ज्येष्ठ नागरिकको सारथी बन्दै आचार्य



**मोरङ, माघ १६।** समाजका ज्येष्ठ नागरिकहरू अनुभव, संस्कार र त्यागका जीवित इतिहास हुन् । उनीहरूको सम्मान, संरक्षण र सहायताका लागि निरन्तर क्रियाशील व्यक्तित्व मध्ये एक हुन- निरन्जनप्रसाद आचार्य ।

मोरङको सुन्दरहरैचा-३ निवासी आचार्य ज्येष्ठ नागरिकको सारथीका रूपमा समाजमा परिचित हुँदै आएका छन् । ज्येष्ठ नागरिकले भोग्दै आएका एक्लोपन, स्वास्थ्य समस्या, उपेक्षा तथा सामाजिक असुरक्षाका विषयमा आचार्यले निरन्तर आवाज उठाउँदै आएका छन् । ज्येष्ठ नागरिकका अधिकार, सम्मान र आत्मसम्मान प्रवर्द्धनका लागि उनले विभिन्न सम्मान कार्यक्रम तथा सचेतनामूलक अभियान सञ्चालन गर्दै आएका छन् ।

आचार्यका अनुसार ज्येष्ठ नागरिकको सम्मान गर्नु भनेको समाजको संस्कार र मूल्य जोगाउनु हो । यही मान्यतालाई व्यवहारमा उतार्दै उनले ज्येष्ठ नागरिकलाई समाजको मूलधारसँग जोड्ने प्रयास निरन्तर जारी राखेका छन् । उनका पहलले धेरै ज्येष्ठ नागरिकहरूमा नयाँ आशा र आत्मविश्वास बढेको स्थानीयबासीहरू बताउँछन् ।

सामाजिक सेवा औपचारिक जिम्मेवारी मात्र नभई मानवीय कर्तव्य भएको आचार्यको धारणा छ । व्यक्तिगत समय, श्रम र स्रोत समाजका कमजोर तथा असहाय वर्गका लागि समर्पण गर्दै आएका उनी ज्येष्ठ नागरिकमैत्री समाज निर्माणको अभियानमा अग्रपंक्तिमा देखिन्छन् ।

आचार्यको योगदानले ज्येष्ठ नागरिक प्रति समाजको दृष्टिकोण सकारात्मक बन्दै गएको छ । उनका निरन्तर प्रयासले भावी पुस्तालाई पनि सामाजिक उत्तरदायित्व र मानवीय संवेदनाप्रति प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

साथी कम्युनिकेशन सञ्चालक समेत रहेका आचार्यले ज्येष्ठ नागरिक सेवा समाज नेपाल सुन्दरहरैंचा वडा नम्बर ३ मा एक लाखको अक्षयकोष पनि स्थापना गरिसकेका छन् । उनले धेरै विद्यार्थीलाई निःशुल्क कम्प्युटर हार्डवेयर रिपेयरिङ्ग कोर्ष प्रदान गरिसकेका छन् ।

# गाँजा बोकेको ट्र्याक्टरसहित नौ जना पक्राउ



**भोजपुर, माघ १६।** भोजपुरको हतुवागढी गाँउपालिका-९ मचुवा स्थितबाट आठ सय २६ किलो छ सय ६० ग्राम गाँजा बोकेको ट्र्याक्टरसहित नौ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी हसनपुर भोजपुरबाट प्रहरी टोलीले हतुवागढी गाँउपालिका-९ मचुवा मचुवादेखि धनकुटाको अखुवाटार तर्फ लैजादै गरेको ना ७ त ३५० नम्बरको ट्याक्टरलाई चेकजाँच गर्दा डिकिभित्र ४३ वटा बोरामा राखेको आठ सय २६ किलो छ सय ६० ग्राम लागूऔषध गाँजा बरामद गरेको हो ।

गाँजासहित आमचोक-९ का रुद्रबहादुर श्रेष्ठ, निशान मगर, नीरबहादुर श्रेष्ठ, धनकुटाको शहीदभूमि-२ का सुदिप पुर्कुटी, निलकुमार मगर, किशोर बिसुन्के, बिर्ख बहादुर बिसुन्के, दिपकुमार बिसुन्के र ताप्लेजुङको मिरिङ्डेन-६ का लाक्पा शेर्पालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

यता झापा, मोरङ र धनकुटाको विभिन्न स्थानहरुबाट लागूऔषध ब्राउनसुगर र गाँजासहित दुई जना पक्राउ गरेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका-३ भुटानी शरणार्थी सिविरका २८ वर्षीय अरुष दासको साथबाट एक ग्राम दुई सय ७० मिलिग्राम लागूऔषध ब्राउनसुगर फेला पारी नियन्त्रणमा लिएको छ ।

उता मोरङको इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले बिराटनगर-१५ एक नम्बर ढाट स्थितमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेको पैदल यात्री माथि शंका लागेर चेकजाँच गर्दा दमक-४ का एलिस कार्कीको साथबाट नौ ग्राम तीन सय ५० मिलिग्राम लागूऔषध ब्राउनसुगर फेलपारी नियन्त्रणमा लिएको छ ।

त्यसैगरी धनकुटाको प्रहरी चौकी ओखेबाट खटिएको प्रहरी टोलीले साँगुरिगढी-५ स्थितमा को २२ प १०३९ नम्बरको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा बोरामा १२ किलोग्राम लागूऔषध गाँजा फेला पारी नियन्त्रणमा लिएको छ भने चालकको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। पक्राउ परेका सबै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

पूर्वी पहाडी जिल्लामा उत्पादन हुने गाँजा सीमावर्ती नाका हुँदै भारतर्फ तस्करी हुने गरेको पाइएको छ । भारतीय सीमा क्षेत्रबाट ब्राउनसुगर लगायतका लागूऔषधजन्य वस्तु नेपाल भित्रने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

# 'आ बाट आमा' प्रदर्शनमा



शुक्रबारदेखि प्रदर्शनमा आएको नेपाली चलचित्र 'आ बाट आमा'को कथा अधिकांश नेपालीको जीवनसँग जोडिएको अभिनेता पल शाहले बताएका छन् । चलचित्र प्रदर्शन भएको पहिलो दिन दर्शक प्रतिक्रिया लिन काठमाडौंका विभिन्न चलचित्र भवन पुगेका अभिनेता शाहले आफूले चाहना राखेको भूमिका चलचित्रमा निर्वाह गर्न पाएको बताए ।

उनले भने– 'मैले आफ्नो भूमिकाका विषयमा धेरै खुलाउन मिल्दैन किनकी त्यसले कथा बाहिरिने डर हुन्छ । तर, चलचित्रमा मैले चाहेको जस्तो भूमिका निर्वाह गर्ने मौका पाएको छु, त्यसैले मैले सक्दो मेहनत गरेको छु । यो चलचित्रको कथा हाम्रो परिवार र गाउँ समाजकै हो । चलचित्र हेर्न गएका दर्शकले नै अन्यलाई हेर्न सिफारिस गर्नुहुनेछ भन्ने मेरो विश्वास छ ।'

उक्त चलचित्रमा अभिनेता शाहसँगै विपना थापा, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित बिष्ट, बेगम नेपाली लगायत कलाकारले अभिनय गरेका छन् । अभिनेता थापाले विषयवस्तुले आकर्षण गरेका कारण आफू जोडिएको बताए । चन्द्र पन्तले निर्देशन गरेको उक्त चलचित्रमा अभिमन्यु निरवीले संवाद लेखन, गम्भीर बिष्टले नृत्य निर्देशन र कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमले सङ्गीत सिर्जना गरेका छन् ।

# मन्दिर र पोखरी पुनर्निर्माण हुने

**भोजपुर, माघ १६।** पौवादुङमा गाउँपालिकामा अवस्थित च्याङ्गे पोखरी तथा सोही स्थानमा रहेको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको पञ्चकन्या देवी मन्दिरको संरक्षण, विकास तथा पुनर्निर्माणका लागि सहयोग जुट्न थालेको छ ।

पञ्चकन्या मन्दिर पुनर्निर्माणका लागि गरिएको सहयोग आह्वान अनुसार ललितपुरको धापाखेलस्थित जेम्स स्कूलका संस्थापक राजेश खड्काले मन्दिर निर्माणका लागि रु. पाँच लाख नगद सहयोग प्रदान गरेको अध्यक्ष किरण राईले जानकारी दिए ।

साथै च्याङ्गे पोखरी परिसरमा ५० थान 'आराम बेञ्च' स्थापना गर्न सामाजिक सञ्जाल मार्फत सहयोगको आह्वान गरिएकोमा एक हप्ताभित्रै लक्ष्य पूरा भएको उनले बताएका छन् ।


**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क : एल. बि. आर्ट
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६०० ९८१६०४९८००

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**DRISHTI Eye Care System** TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरु : बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**UNited International Group — UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क : यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क : सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)